**अर्जुनचौपारी गाउँपालिका**

Arjunchaupari Rural Municipality

**गाउँ कार्यपालिकाको कार्यालय**

**Office of Rural Municipal Executive**

अर्जुनचौपारी, स्याङ्जा

Arjunchaupari, Syangja

Gandaki Province, Nepal

प.सं.(Reference No): ०८१।८२

च.नं.(Dispatch No):-

## गाउँ प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना।

(सूचना प्रकाशन मितिः २०८१/०४/०३)

अर्जुनचौपारी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको लागि देहाय बमोजिमको पदमा कर्मचारी आवश्यकता परेको हुँदा सेवा करारमा लिई पदपुर्ति गरिने भएकोले ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र)दिनभित्र रीतपूर्वक दरखास्त फाराम यस गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुहन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि.नं | विज्ञापन नं | पद | संख्या |
|---|---|---|---|
| १ | ०१/०८१/८२ | गाउँ प्रहरी सुपरीवेक्षक | १ |
| २ | ०२/०८१/८२ | गाउँ प्रहरी जवान | २ |

**१.योग्यता**

**(क) गाउँ प्रहरी सुपरीवेक्षकको लागिः**

(अ) नेपाल सरकार वा विदेशी सरकारको जङ्गी, सशस्त्र वा जनपदबाट अवकाश प्राप्त नेपाली नागरिक

(आ) दरखास्त आह्वान भएको अन्तिम म्यादसम्ममा ४५ वर्ष ननाघेको,

(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ई) कुनै राजनितिक पार्टीको सदस्य नरहेको,

(उ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र भएको।

(ऊ) नेपाली नागरिकता प्रमाणपत्र भएको

**(ख) गाउँ प्रहरी जवानको लागिः**

(अ) दरखास्त आह्वान भएको अन्तिम म्यादसम्ममा घटीमा १८ वर्ष पुगेको र ४५- वर्ष ननाघेको,

(आ) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा आधारभुत तह उत्तीर्ण गरेको,

(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ई) कुनै राजनितिक पार्टीको सदस्य नरहेको,

(उ) पुरुषको लागि घटीमा ५ फिट २ इन्च र महिलाको लागि घटीमा ५ फिट उचाई भएको,

(ऊ) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।

(ऋ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

(ए) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र भएको।

(ऐ) नेपाली नागरिकता प्रमाणपत्र भएको

नि. प्रमुख प्रशासकीय अधिकृत

**२. दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता(लब्धाङ्क र चारित्रिक) को प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरि प्रमाणित गर्नुपर्नेछ। पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त सँगै बुझाउनु पर्नेछ भने पुर्व जनमुक्ति सेनाको हकमा भने अनमिनले सूचिकृत गरेको कागजात सँगै बुझाउनु पर्नेछ।

**३. परीक्षाको किसिम:** शारीरिक तन्दुरुस्ती, लिखित र अन्तरवार्ता।

**४. परीक्षा मिति र केन्द्र:** गाउँपालिकाले तोकेबमोजिम हुनेछ।

**५. दरखास्त दस्तुर:** गाउँ प्रहरी सुपरीवेक्षकको रु ५००/- र गाउँ प्रहरी जवानको रु३००/-

**६. तलब स्केल:** गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**७.दरखास्त दिने अन्तिम मिति:** २०८१/०४/१७ गते

थप जानकारीका लागि सम्पर्क नं ९७४८४३२६९८, ९८४६७०६९०६

नोट: यस अघि प्रकाशित गाउँ प्रहरी जवानको पदपुर्ती सम्बन्धी सूचना वि.नं. १०/०८०/८१ मा आवेदन पेश गरेका आवेदकहरु यस सूचनाका लागि पनि स्वतः मान्य हुने।

२०८१/०४/०३

नि. प्रमुख प्रशासकीय अधिकृत